## नेपाल सरकार
## शिक्षा मन्त्रालय
## छात्रवृत्ति शाखा
## केशरमहल, काठमाण्डौं

**आयुर्वेद स्नातक बीएएमएस विषयको छात्रवृत्ति छनोटका लागि दरखास्त आव्हान सम्बन्धी अत्यन्त जरुरी सूचना**

पतञ्जली आयुर्वेद कलेज तथा रिर्सच सेन्टर, धुलिखेलमा ४० जना विद्यार्थी अध्यापन गर्ने गराउने गरी स्नातक तहको बीएएमएस शैक्षिक कार्यक्रम संचालनका लागि नेपाल संस्कृत विश्वविद्यालयबाट सम्बन्धन प्रदान भएको र विदेशी लगानीमा संचलनमा रहेको उक्त शिक्षण संस्थामा निजी लगानीमा संचालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ बमोजिम २० प्रतिशतले हुने कुल ८ सिट छात्रवृत्ति कायम गरिएको हुँदा छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० बमोजिम छात्रवृत्तिमा अध्ययनका लागि विद्यार्थी मनोनयन गर्नुपर्ने भएकोले देहायको योग्यता पुरा गरेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**१. दरखास्तका लागि अवश्यक न्यूनतम योग्यताः**

क) नेपाल संस्कृत विश्वविद्यालयले शैक्षिक सत्र ०७३।७४ को आयुर्वेद स्नातक प्रथम प्रोफेसनलका लागि संचालन गरेको पतञ्जली आयुर्वेद कलेज तथा रिर्सच सेन्टर, धुलिखेलका लागि प्रकाशित प्रवेश परीक्षाको योग्यताक्रममा रहेको हुनुपर्ने छ ।

ख) दरखास्तका लागि तोकिएको समूह तथा सिट संख्याः साधारण समूह ४ सिट, महिला १ सिट, जनजाति १ सिट, मधेशी १ सिट र दलित १ सिट

**२. दरखास्त दिने अवधिः**

२०७४ साल बैशाख ४ गते देखि २०७४ साल बैशाख १० गते सम्म शिक्षा मन्त्रालय छात्रवृत्ति शाखा, केशरमहलमा दरखास्त दिन सकिने छ ।

**३. राजस्व सम्बन्धी व्यवस्थाः** आवेदकहरुले राजस्व वापतको रकम रु १००० (एक हजार) राष्ट्यि वाणिज्य बैक ठमेल शाखा वा छात्रवृत्ति शाखा केशरमहल परिसरमा रहको बैक काउन्टरमा दाखिला गरी सोको सक्कलै भौचर दरखास्त दर्ता प्रमाणको निस्सा लिन तोकिएको मितिमा छात्रवृत्ति शाखामा बुझाउनु पर्नेछ ।

**४. दरखास्त साथ पेश गर्नुपर्ने कागजातः**

**क. साधारण समूह (General Group)**

(१) पूर्णरुपमा भरिएको आवेदन फाराम
(२) राजस्व बुझाएको सक्कल भौचर
(३) नागिरकता प्रमाण पत्रको प्रतिलिपि
(४) नेपाल संस्कृत विश्वविद्यालयले सञ्चालन गरेको प्रवेश परीक्षाको योग्यताक्रम नम्बर
(५) शैक्षिक योग्यताका सबै प्रमाण पत्रहरुको प्रतिलिपि ।
(६) शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए समकक्षताको कागजात ।
(७) नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।

**ख. सामुदायिक विद्यालय तर्फको आरक्षण समूह (Community School Group)**

(विपन्नताको सिफारिस, सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूहको प्रमाण समेत ३ वटै प्रमाण पेश गर्न सक्ने उम्मेदवारका लागि मात्र)

यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरुले माथि साधारण समूह (General Group) का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको सक्कल प्रति सहित एक एक प्रति फोटोकपी पेश गर्नुपर्नेछ ।

(१) एसएलसी उत्तीर्ण गरेको विद्यालय सामुदायिक हो भनी जिल्ला शिक्षा कार्यालयले प्रदान गर्को सिफारिस पत्र

(२) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली, २०६० को अनुसूची १ अनुरुपको ढाँचामा २०७४ साल बैशाख ४ गते पछि दरखास्त फाराम भर्ने अन्तिम मितिसम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र ।

(३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

- जनजातिको सिफारिसः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट
- मधेसीको सिफारिसः सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट
- दलितको सिफारिसः राष्ट्रिय दलित अयोग (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जातिहरु मात्र)

**ग. अन्य विद्यालय तर्फको आरक्षण समूहः (Other School Group)**

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुदा नं ३ मा तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रति र १/१ प्रति फोटोकपी पेश गर्नुपर्ने छ ।

**५. योग्यताक्रमः** रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले विश्वविद्यालयले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा योग्यताक्रम र आरक्षण सम्बन्धी कागज प्रमाण समेतको अधारमा नियमानुसार शिक्षा मन्त्रालयको साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गरिने छ ।

**६. विपन्नताको सिफारिसः**

देहाय अनुसारको ढाँचामा विपन्नताको सिफारिस २०७४/१/४ गते देखि दरखास्त पेस गर्ने दिनसम्ममा सम्बन्धित व्यक्ति बसोबास गरेको गाउँपालिका/नगरपालिकाको सिफारिस पत्रमा आधिकारीक पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्ने छ अन्यथा दरखास्त आरक्षण तर्फ अस्विकृत भई साधारण तर्फ मात्र कायम हुने व्यहोरा हुने समेत जानकारी गराइन्छ ।

श्री शिक्षा मन्त्रालय
केशरमहल, काठमाडौ ।

विषयः- विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री . . . . . . . . . . . . . . . . . . को नाति/नातिनी श्री . . . . . . . . .को छोरा/छोरी . . . . . जिल्ला . . . . . . . . . गाउँपालिका/ नगरपालिका. . . . . . . . .वडा बस्ने वर्ष . . . . . . . . . . को श्री/सुश्री/श्रीमती . . . . . . . . .मिति . . . . . . . . . .देखि . . . . . . . . . . सम्म . . . . . . . . . . सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज . . . . . . . . .कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको-
सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः